"सुखि गाउँबासी : समृद्ध गाउँपालिका"

# आर्थिक बर्ष २०७८।०७९ को

# बजेट बक्तव्य

## निशा धामी

## गाउँपालिका उपाध्यक्ष

केदारस्युँ गाउँपालिका

देउरा बझाङ्ग

सुदुरपश्चिम प्रदेश नेपाल

केदारस्युँ गाउँपालिका

केदारस्युँ गाउँपालिका

# केदारस्युँ गाउँपालिकाको गाउँ सभामा प्रस्तुत
# आर्थिक वर्ष २०७८।०७९ को
# बजेट बक्तव्य

"सुखि गाउँवासी - समृद्ध गाउँपालिका"
सभाका अध्यक्ष महोदय,
प्रमुख अतिथि ज्यू,
गाउँसभा सदस्यज्युहरु

**आदरणिय सभाध्यक्ष महोदय**

१- विश्वभर तथा हाम्रै घर आगनमा कोरोना भाइरसको महामारी बढिरहेको विषम परिस्थितिमा स्थानिय सरकार संञ्चालन ऐनले व्यवस्था गरेको कानुन व्यवस्था अनुसार बजेट एबम् कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०७८।०७९ को बार्षिक तथा कार्यक्रम पेष गर्न गइरहेको छु ।

२- सघिय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको लागी विभिन्न कालखण्डमा जिवनोत्कर्ष गर्नुहुने ज्ञात अज्ञात महान शहिदहरु पर्ति भावपुर्ण श्रदान्जलि अर्पण गर्दै नागरिक स्वतन्त्रता र मुक्तिका लागी जिवन पर्यत्न सघर्ष गर्नुहुने नेतागणहरुमा हार्दिक सम्मान गर्नुहुने आदरणिय अग्रज राजनितिज्ञहरुमा उच्च सम्मान व्यक्त गर्दछु ।

३- गौरवमय सभा मार्फत गाउँपालिकाको भलो चाहने र विकासको यात्रामा हातेमालो गर्ने समस्त शुभचिन्तक सहयोगी संघ संस्था पत्रकार मित्रहरु सामुदायिक रेढियो लगायत गाउँबासी आमाबुवा , दाजुभाइ तथा दिदिबहिनिहरुलाइ हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

४ जनताको नजिकको सरकारका हिसाबले जनभावना अनुसार सरकार सञ्चालनका लागी आवश्यक ऐन, नियम, तर्जुमा गरि कार्यान्वयन चरणमा छौ । सामाजिक, आर्थिक, भौतिक ,पूर्वाधार र सस्थागत विकासका क्षेत्रमा "समृदध केदारस्युँ" निर्माणको आधार तयार गर्ने दिशामा अग्रसर छौ ।

५ आगामी आर्थिक बर्षको नयाँ परिस्थतिले सिर्जना गरेको चुनौतीपुर्ण अवसथालाइ सामना गर्ने र समस्यालाइ अवसरको रुपमा भरपुर उपयोग गर्न तर्फ गाउँपालीका सजग रहेको छ।

६ यस प्रतिकुल अवस्थामा गाउँबासीको जिवन रक्षा र भविष्यप्रती सजक रही विकासको लयमा लैजाने गरि चालु आ व को क्रमागत योजना तथा कार्यक्रमको प्रभावकारिता र महत्त्व हेरेर निरन्तरता दिइएको छु परिस्थितिले सिर्जना हुने रोक भोक र बेरोजगारी न्युनिकरण गर्ने गरि बजेट व्यवस्था गरेको छु ।

७ बजेट विनियोजन गर्दा नेपालको सविधान र कानुनहरु, गाउँ सभाले पारित गरेको निति तथा कार्यक्रम कार्यपालिकाको बैठकबाट निर्धारित बजेटका प्राथमिकता टोल टोलका समस्या , वडा समिति ,

केदारस्युँ गाउँपालिका

विषयगत समिति , राजस्व समिति र गाउँपालिकाको आवधिक योजना पञ्चवर्षिय योजना लगायत विभिन्न विकाश साँझेदार लगायतका विज्ञहरुको सुझावलाइ ध्यान दिएर बजेट कार्यक्रम तय गरेको छु ।

८ "**प्राकृतिक श्रोत व्यवस्थापन ,व्यवसायिक कृषि ,पर्यटन र सहकारी समृद्ध गाउँपालिका**" निर्माणको लागी युवा स्वरोजगारी विषयक दीर्घकालीन आय आर्जन योजनाको मूल मन्त्रलाइ आत्मसाथ गर्दै वर्तमान सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" बनाउने दीर्घकालिन उदेश्य हासिल गर्न सहयोग पुर्याउँदै यस गाउँ क्षेत्रलाइ एक नमुना ,समृद्ध ,व्यवस्थित ,सुविधा सम्पन्न, प्रविधि मैत्री ,वैज्ञानिक र सुन्दर जीवन्त शहरको स्थापित गर्नु पर्नेछ ।

सभाध्यक्ष महोदय

९ चालु आ व २०७७।०७८ को बार्षिक प्रगतिको सक्षिप्तमा जानकारी गराउन चाहान्छु । चालु आ व को कुल बार्षक बजेट ५१ करोड ०५ लाख ५३ हजार ८ सय सत्र सत्तरी पैसा रकम रहेको छ ।

१० प्रशासनिक तथा चालु प्रकृतिको कार्यक्रमहरु तर्फ संघको राजस्व बाडफाड ७ करोड ४४ लाख ७४ हजार ८७ रुपैँया र प्रदेश सरकारको १४ लाख ४२ हजार खर्च भएको छ भने पूजीगत तर्फ सघबाट ११ करोड ८१ लाख रुपैँया र प्रदेश सरकारबाट ७० लाख रकम बजेट विनियोजन भएको छ । यसै गरि शर्शत तर्फ रु २१ करोड ९९ लाख रकम बजेट जेट विनियोजन भएको छ ।

११ अब म आगामी आर्थिक २०७८।०७९ मा सञ्चालन गरिने मुख्य मुख्य कार्यक्रमहरुका बारेमा जानकारी गराउन चाहान्छु ।

१२ यस आर्थिक बर्ष २०७८।०७९ को नेपाल सरकार बाट यस गाउँपालिकालाइ ४८,७४,२०,०००।०० अक्षरुपी रु अठचालिस करोड चौहत्तर लाख विस हजार रकम विनियोजन गरेको छ ।

१३ आर्थिक बर्ष २०७८।०७९ को सघिय सरकारबाट प्राप्त बजेट समानिकरण अनुदान तर्फ १२ करोड २३ लाख, शशर्त तर्फ २५ करोड ५० लाख, राजस्व बाडफाड ७ करोड ४९ लाख ९९ हजार विनियोजन गरिनेछ । प्रदेश सरकारको समानिकरण अनुदान रकम ८८ लाख १७ हजार अनुमानित रकम विनियोजन गरिएको छ । प्रदेश सरकारको राजस्व बाडफाडमा १३ लाख ४ हजार अनमानित रकम विनियोजन गरिएको छ । संघिय सरकारबाट विशेष अनुदान तर्फ २ करोड ८ लाख र समपुरक अनुदान मा ४२ लाख रकम अनुमानित विनियोजन गरिएको छ।

१४ अन्त सम्ममा कुल राजस्व सकलन ३५ लाख रुपैँया अनुदान गरिएको छ । यसैगरि गाउँपालिकालाइ सहयोग गर्ने विकासका साझेदारहरु ,सरकारी तथा गैर सरकारी सघ सस्था र बैङ्क तथा वित्तिय संस्थागतको सहकार्यमा गाउँ समृदिको यात्रालाइ निरन्तरता दिइनेछ ।

अध्यक्ष महोदय

१५ अब म आगामी आर्थिक बर्ष २०७८।०७९ को बजेटका उदेश्य तथा प्राथमिकता  प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका उदेश्यहरु देहाय अनुसार छन ।

क वर्तमान विषम परिस्थतिबाट गाउँको जिवन रक्षा गर्दै जिवनयापन सहज र सुरक्षित बनाउने ।

ख प्राप्त स्रोत साधनको समुचित परिचालन गरि रोक, भोक र बेरोजगारीको अन्त्यको आधार तयार हुनेछ ।

ग गाउँवासिको नजिकको सरकार भएकाले सबै गाउँवासीलाइ अभिभावकत्व प्रदान गर्न सफल हुने ।

घ सामाजिक विकास ,आर्थिक उन्नती , पूर्वाधार विकास र संस्थागत सुदृढिकरण मार्फत सभ्य समाज र आर्थिक रुपमा समृद गाउँ निर्माण गर्दै जाने ।

ङ साविकमा नेपाल सरकारबाट संचालन हुदै आएको  तर हाल स्थानिय तहले निरन्तरता दिनु पर्ने कायक्रमलाइ निरन्तरता दिने ।

च शिक्षा, स्वास्थ्य जस्ता आधारभुत सेवाहरु सञ्चालन गर्ने कायक्रमहरुलाइ गाउँपालिकाले अपनत्व हुने गरि प्रभावकारी रुपमा संचालन गरिने।

छ भौगोलिक , विषय क्षेत्रगत, समुदायगत र वातावरणीय सन्तुलन  कायम गरी साधान स्रोतको विवरण गरिनेछ ।

ज आयोजना सङख्या सिमित गरि ठुला तथा गाउँ गौरवका योजनाहरु सचालन गरी विकासयोजनालाइ उपलब्ध मुलक बनाउने । वडालाइ वडाको जनसङख्या , क्षेत्रफल र विकासको अवस्थाका आधारमा वडागत बजेट कार्यक्रम उपलब्ध गराउने।

झ आन्तरिक आय सरहको राजश्व बाँडफाड र आन्तरिक आय बाट मात्र चालु खर्च व्यवसथापन गर्ने।

ञ स्थानिय तहले बहन नर्नुपर्ने अनिवार्य दायित्वका विषयहरुको व्यवस्थापन गर्ने ।

ट लैङगीक समानता तथा सामाजिक समावेशीकरणलाइ विकास योजनाका सबै चरणमा सहभागिता गराउने ।

ठ गाउँको विकासमा दातृ निकाय, गैर सरकारी संस्था र निजि क्षेत्रको लगानीलाइ प्रोत्साहन गरिने ।

गाउको निति कार्यक्रम र उदेश्यलाई साकार पार्न प्राथमिकतागत रुपमा तयार पारिएको आगामी आर्थिक वर्ष २०७८।०७९ को विषायगत क्षेत्रगत रुपमा बजेट तथा कार्यक्रमहरु प्रतुत गर्ने अनुमति चाहन्छु ।

अध्यक्ष महोदय

आर्थिक विकास क्षेत्र

१३ आर्थिक विकास क्षेत्रमा कुलबजेटको ५ प्रतिशतले आउने रकम रु ६० लाख विनियोजन गरिएको छ । अधिकास गाउँबासि कृषि पेशामा अबद्द रहेको र कर्षिलाई रोजगारीको प्रमुख स्रोतका रुपमा विकास कर्षिमा बजेट विनियोजन गरिको छु । आर्थिक विकासमा बजेटको कुल बजेटको कुल बजेटको ५ प्रतिशत रकम विनियोजन गरिएको छ ।

१४ कृषकसँग गाउँपालिका प्रमुख कार्यक्रमलाई कृषि क्षेत्रमा कोरना भाइरसको प्रभावबाट सिर्जना हुने प्रभावको न्युनिकणको लागि अल्पानकालिन र मध्यकालिन र दिर्घकालिन कार्यक्रम तर्जुमा गरिने व्यवस्था गरेको छ ।

१५ बैदशिक रोजगारीबाद फर्किएक, कर्षि विषय अध्यन गरेका, शैक्षिक युवा बेरोजगार सँग लागत साझेदारीमा कृषि व्यवसाय सन्चालनका लागि विभिन्न कार्यक्रम व्यवस्थापन गरेको छ ।

१६ सबै वडामा माटो परिक्षण गरि सामुहिक खेतीलाई पाइलट प्रोजेक्टका रुपमा सञ्चालन गरिने व्यवस्था मिलाउने छ ।

१७ विदेशबाट अएकाहरुलाई स्वरोजगार बनाउन अध्यक्ष रोजगार कार्यक्रम विउ पुजि केष स्थापना गरिने व्यवस्था मिलाएको छ साथै युवा रोजगारीकालागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ बमोजिमका आयोजना कार्यान्वयनका लागि आवश्यक कार्यक्रमल्याई कार्यक्रम सञ्चालनका लागि व्यवस्था मिलाएको छु ।

१८ यस गाउँपालिका अन्तरगत रहेका वडा नं. ७ र ८ मा आलु, पिडालु पकेट क्षेत्र निर्धारण गरि गौरवको आयोजना सञ्चालन गरिनेछ ।

१९ केदारस्युँ गाउँपालिकामा हरियो सागसब्जीको व्यवसयिक उत्पादनको लागि तरकारी पकेट क्षेत्रको घोरणा गरी परम्परागत रुपमा गरी आएको कषि कार्यमा आधनिकीकरण, उन्नत बीउ विजन वितरण, अर्गानिक खेती प्रणालीको प्रयोग तथा यस क्षेत्रमा युवाको आकर्षण बढाई रोगारीको श्रृजना गर्ने निति लिइनेछ ।

२० सिचाई सुविधाका उचित बन्दोबस्त मिलाउने, मौरीपालन, तरकारी, फलफुल तथा वीउवीजन वितरण गर्ने तथा खेती योग्य जमिनको माटो परिक्षण कार्यक्रम गरि हिउँदे तथा वर्षे फलफुल खेती (स्याउ तथा सुन्तला किवि खेती) प्रचारप्रसार गर्ने र उत्पादित सामानहरुको बजार प्रवर्द् गर्दै कर्षिमा थप लगानि गर्दै जाने नीति लिइनेछ ।

२१ केदारस्यूँ गाउँ क्षेत्रमा कर्षि तथा पशुपालनलाई ब्यवसायिकरण गर्नको लागि यस्ता क्षेत्रमा अवश्यक तालिम दिने तथा पशुपालनमा वृदि गर्न नश्ल सुधार पशु स्वास्थ्य औषधी उपचार कर्यक्रमलाई निरन्तरता दिई गाउँपलिकाको तर्फबाट प्रोतसाहन स्वरुप थप अनुदान उपलब्ध गराउदै जाने नीति लिइनेछ ।

२२ आय वृदि सम्बन्धि अल्पकालिन र दीर्घकालीन योजना तर्जुमा गरी लागु गरिनेछ । व्यसाय दर्ता प्रकृयालाई सहज एवं सरल बनाइनेछ । प्रगतिशील कर प्रणाली लागु गरी प्रभावकारी कर संकलन गरिनेछ । गाउँवासीलाई कर तिर्नुको प्रतिफल पाएको अनुभुति दिने कार्यगत व्यवस्था मिलाएको छु ।

अध्यक्ष महोदय

सामाजिक विकास तर्फ

१ सामाजिक विकास तर्फ कुल बजेटको ३० प्रतिशत हुन आउने रकम ३ करोड ८२ लाख २६ हजार १ सय ५० रकम बजेट विनियोजन गरेको छु ।

२ शैक्षिक सुधारमा म सक्षम छु कार्यक्रमलाई निरन्तरता दिइ विध्यार्थी- शिक्षक-अभिभावकलाई क्षमता अभिकृदिका साथै निरन्तर अन्तरकर्या गरी शैक्षिक गुणस्तर सुधार गरिनेछ ।

३ "सबैका लागि शिक्षा सधैका लागि शिक्षा" भन्ने नारालाई मुर्तरुप दन विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ । गाउँ क्षेत्रमा निर्माण गरिने सवै भौतिक संरचना अंपाग मैत्री एबं लैंगिक मैत्री बनाउन नीतिगत व्यवस्था गरि लागु गरिनेछ ।

४ छोरालाई संस्थागत र छोरीलाई सामुदायिक विद्‌यालयमा पढाउने प्रचलनका कारण दिनप्रतिदिन बढ्दैगएको शैक्षिक विभेद अन्त्य गर्न शिक्षामा समानता सामाजिक रुपान्तरणमा सहजता कार्यक्रममा लागु गरिनेछ ।

५ अन्तर वडा र अन्तरपलिका खेलकुद प्रतियोगिता सञ्चालन गरि खेलाडिको क्षेमता अभिवृदि र खेलकुद विकास गरिनेछ ।

६ खोप सुरक्षित मातृत्व  प्रजनन स्वास्थ्य पोषण जस्ता जनस्वास्थ्य संग सम्बन्धित आधारभुत सेवा सुधविधालाई अझ प्रभावकारी बनाइनेछ ।

७ भारत लगाएतका मुलुकहरु र अन्य जिल्लाबाट आउनुभएका व्यक्तिहरुलाई सुरक्षित तवरले राख्न क्वारेनटाइनहरुलाई थप व्यवस्थित बनाइनेछ । क्वारेनटाइनमा रहेका व्यक्तिहरुका लागि योगाभ्यास मनो स्वास्थ्य एवम् मनोसामिजक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

८ गाउँका न्युन आय भएको व्यक्तिहरुको लागि समुदायको सहभागीतामा टोल विकास संथाहरु समेतको परिचालन गरी दिगो जिवीकोपार्जनको सुनिश्चिताको लागि उद्‌यम विकास, प्रविधि हस्तान्तरण, स्वरोजगार, सीप विकास जस्ता लक्षित कार्यक्रम बनाइ प्रभावकारी रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

९ ऐतिहासिक धार्मिक, सांकृतिक तथा पर्यटकिय महत्वका स्थान, कला, संस्कृति, जात्रा सम्पदाहरुको संरक्षण, सम्वर्दन र विकासका लागि प्रोसाहन र विकासका लागि प्रोत्साहन दिने नीति लिइनेछ ।

१० गरिव घरपरिवार पहिचान सर्वेक्षण, २०७० मा आधारित पीएमटी विधिद्‌वारा पहिचान भएका गरिब घरपरिवारको प्रकार सहित स्थानिय तहगत गरिब घर परिवारको अन्तिमसुची अनुसार परिचयपत्र वितरण कार्यलाई आगाडी बढाइनेछ ।

११ गाउँ क्षेत्र भित्र गरिवी न्युनिकरणका लागि विपन्न वस्तीहरुको पाश्वचित्र (गरिवी प्रोफाइल) र रणनीतिका आधारमा आधारभुत पूर्वाधारको विकास, सीप विकास र लक्षित कार्यक्रमहरुको संचालनमा जोड दिईनेछ ।

१२ अल्पसंख्यक गरिव पिछडिएका जातजातीका बेरोजगार समुदायका व्यक्तिहरुलाई लक्षित अयमुलक, सिपमुलक तथा स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

अध्यक्ष महोदय

पूर्वाधार विकास तर्फ

१ पूबार्धार  विकास तर्फ कुल बजेटको ४० प्रतिशतले हुन आउने रकम रु ५ करोड ३८  लाख ४६ हजार ८०० रुपैया विनियोजन गरिएको छ । गाउँपालिका क्षेत्रको दिगो,व्यवस्थित र दिर्घकालिन आधारभूत पुर्वाधार विकासका लागि सडक निमार्णमा जोड दिईनेछ । सम्पुर्ण वडाहरुमा यसै आ व  मा सडकको सञ्जाल पुर्याइ नियमित रुपमा सञ्चालन ल्याइनेछ ।

२ कृषि उत्पादन तथा उत्पादकत्व बृदि गर्न सिचाई कुलो निमार्ण तथा मर्मत सम्भारमा जोड दिइनेछ ।

३ लघु तथा साना जलविधुत आयोजनाबाट विधुत उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरिने छ।

४ भवन बनाउदा नक्सा पास गर्नुपर्ने प्रावधानलाई कडाईका साथ लागु गर्दै भवन सहिता लागु गरिनेछ ।

५ सडकहरुले स्तरोन्नती तथा मर्मत सम्भार हुने व्यवस्था मिलाइ बाह्रै महिना सडक यातायात सञ्चालन गरिनेछ ।

६ साँस्कृतिक तथा सम्पदायुक्त घना बस्तिहरुको संरक्षण गरिनेछ । यस्ता बस्ति र नयाँ बस्तिहरुका लागि फरक फरक प्रकृतिका विकास योजना लागु गरिनेछ ।

८ गाउँपालिकाको आफ्नै भवन निमार्णका लागि जग्गाको खोजी गर्दै गाउँपालिकाको आफ्नै भवन निर्माणकालागि प्रक्रिया अगाडी बढाइनेछ । वडा कार्यालय भएका वडा कार्यालय भवनहरुको स्तरोन्नति र नभएका वडाहरुमा सुविधा सम्पन्न व्यवसायिक प्रकृतिका बहुउपयोगी वडा भवन निर्माण गरि गाउँपालिका बासीको सेवामा सरल र सहज पहुँच स्थापित गरिनेछ ।

९ विद्यमान आवधिक योजनालाई समय सापेक्ष रुपमा परिमार्जन सहित समायोजन गर्दै यसै आ व देखि कार्यान्वयनमा लैजाने  निति लिइनेछ ।

१० विगत देखि विभिन्न कारण घर निर्माण इजाजत नभएका तर घर निर्माण भई सकेको तथा निर्माण सम्पन्न प्रमाण पत्र लिन नसकिरहेकाहरुको हकमा सार्वजनिक सूचना मार्फत निवेदन आव्हान गरिनेछ । सो निवेदनमा निर्माण इजाजत पत्र, निर्माण सम्पन्न प्रमाण पत्र लिन नसकीएको प्रष्ट कैफियत र फोटो सहित निवेदन माग गरिनेछ । प्राप्त निवेदनहरु माथि एक कार्यटोली बनाई अध्ययन गरिनेछ र सो को आधारमा कानुनी दायरा भित्र रही इजाजत पत्र र निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

११ गाउँपालिका सम्पुर्ण वडाहरुमा केन्द्रिय प्रसारणलाइन पुर्याइ उज्योलो गाउँपालिका बनाउने लक्ष्य लिएको छ ।

१२ गाउँपालिकामा एक घर एक धारा अवधारण अनुरुप प्रत्येक वडाको टोल टोलमा खानेपानीको व्यवस्था गर्दै लगिनेछ ।

१३ संघ सरकार र प्रदेश सरकार संग ठुलो प्रकृतिका आयोजनाहरु माग गर्दा डी०पी०आर० को आवश्यक पर्ने भएकाले बजेट व्यवस्थापन गरि कार्यन्वयनमा ल्याइनेछ र

अध्यक्ष महोदय,

बातावरण तथा विपद व्यवस्थापन

१ बाताबरण तगा विपद व्यवस्थापन तर्फ कुल बजेटको ३ प्रतिशत हुन आउने रकम रु २९ लाख ३४ हजार ८ सय ५० रुपैया रकम विनियोजन गरिएको छ । सार्वजनिक तथा प्रतिजग्गा र भूक्षय भएका स्थानहरुमा पहिचान गरि उक्त जग्गा कार्यन्वयनमा ल्याइनेछ ।

२ गाउँ क्षेत्र भित्रका सार्वजनि जग्गामा कुनै पनि बहानामा अन्य संघ संस्थाहरुलाई हस्तान्तरण र भोगाधिकार दिने कार्यलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

३ विपद जोखिम न्यूनिकरणका उपायहरु अबलम्बन गरि पूर्वाधार निर्माणका कार्यहरु एकिकृत ढङ्गले अगाडी बढाइनेछ ।

४ स्थानिय जनता सहकार्यमा वृक्षारोपण गर्ने तथा सो को संरक्षण गरि केदारस्युँ गाउँपालिका हरियालामय बनाउने छ ।

५ वातावरण तथा सरसफाई कार्यक्रम संचालन गरि वातावरण तथा जलवायु परिवर्तनको बारेमा जनचेतना अभिबृदि गरिनेछ ।

६ भू-क्षय तथा जल उत्पन्न प्रकोप नियन्त्रण गर्न गाउँपालिकाले तार जाली उपलब्ध जनसहभागीतामा प्रकोप न्यूनिकरण गरिनेछ ।

७ विपद व्यवस्थापनका लागि स्थानिय प्रशासन संग समन्वय गरि उदार, खोजी , राहत जस्ता कार्यलाई प्रभावकारी बनाइने छ ।

८ सामुदायिक बनमा उध्यम प्रवर्द्धन गरि आज आर्जन  गर्ने नीति लिईनेछ ।

अध्यक्ष महोदय,

संस्थागत विकास, सेवा प्रवाह र सुशासन

१ संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ २२ प्रतिशत कुल हुन आउने रकम रु २ करोड ९३ लाख ४० हजार ८ सय ५० रुपैया विनियोजन गरिएको छ ।  गाउँपालिकाको उपलब्ध जनशक्तिलाई आवश्यक तालिम प्रशिक्षणको माध्यमबाट मानव संसाधन विकास एव क्षमता अभिबृदि गरि कर्मचारीहरुलाई सेवामुखी एव जवाफदेहि पूर्ण बनाउदै जनतामा पुर्याउने सेव प्रवाहलाई प्रभावकारी तुल्याउने प्रयास गरिनेछ । गाउँपालिकाको कार्यप्रकृति अनुसार आवश्यक पर्ने जनशक्ति नेपाल सरकारबाट प्राप्त गर्ने निति लिइनेछ ।

२ गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई अध्ययन अवलोकन भम्रण तथा तालिम उपलब्ध गराइ क्षमता विकास गरिनेछ ।

केदारस्युँ गाउँपालिका

३ विशेष प्रकृति आकस्मिक कार्य तथा कार्यप्रकृति अनुरुप जनशक्ति नपुग भएको अवस्थामा गाउँपालिकाले आफ्नो आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने गरि निश्चित अवधिको लागि कार्य विवरण तोकी सम्झौता बमोजिम बाहिरबाट काममा लगाउने नीति लिइनेछ ।

४ सुशासन प्रर्बद्धन पारदशिता तथा जवाफदेहिता बृद्धी गर्दै जनताले अपेक्षा गरे अनुरुपको सेवा प्रवाह गर्न सक्ने बनाउन समन्वय र सहकार्य लाई विशेष प्राथमिकता दिइनेछ ।

५ स्वदेशी विदेशी स्थिय विभिन्न गाउँपालिकाहरुसंग समन्वय स्थापित गर्न विशेष कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

६ गाउँ कार्यपालिकाको विधमान सगठन संरचना र दरवन्दीलाई निरन्तरता दिदै आगमी दिनमा अनुभव र अध्ययनका आधारमा पुनरावलोकन गर्दै समय सापेक्ष र नतिजा मुखी बनाउदै लगिनेछ ।

७ गाउँ क्षेत्र भित्र रहेका सार्वजनिक सरकारी पर्ति जग्गाहरुको पहिचान लगत संकलन र संरक्षण गर्नेछ ।

८ सेवा प्रवाहमा सरलताका लागि नागरिक वडा पत्र, सोधपुछ कक्षको व्यवस्था र सुचना प्रविधिको प्रयोग द्वारा सेवा प्रवाहलाई थप प्रभावकारी वनाइने छ । सामाजिक सुरक्षा भत्ता समयमा वितरण गरिनेछ ।

९ वित्तिय अनुसासन कायम राख्न पेश्कि दिने प्रावधानलाई नियन्यण गरिनेछ । साथै समयमा योजना सम्झौता गरि जेठ मसान्त सम्म कार्य सम्पन्न गरि भुक्तानि लिने परिपाटीको विकास गरिनेछ । अनुगमनको कार्यलाई निरन्तरता दिइनेछ ।

१० रु चार लाख भन्दा बदीका आयोजनाहरुमा सुचना पाटी राख्ने र गुणस्तरीय काम गर्ने गरि सुचना पार्टीको विकास गरिनेछ । त्यसको लागि योजना संचालन गर्ने उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण गरिनेछ ।

११ गाउँपालिकाको कार्यालय तथा सवै वडा कार्यालयहरुको थप संस्थागत क्षमता विकास गरिनेछ ।

१२ अन्तर निकाय समन्वय बैठकहरु आयोजना गरि सवै पक्षको विकासमा सवै पक्षहरुको सहयोग परिचालन गरिनेछ ।

१३ न्यायिक समितिलाई क्रियाशिल बनाई मेलमिलापको माध्यमबाट जनतालाई छिटो छरितो तथा सर्वसलव रुपमा न्याय पाउने व्यवस्था मिलाइनेछ ।

१४ गाउँपालिकाका प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

१५ प्रचलित कानुन ऐन नियम तथा न्यायिक समितिको क्षेत्रधिकार कार्य पद्ति अनुशिक्षण कार्यलाई जोड दिइनेछ ।

१६ न्यायिक समितिलाई व्यवस्थापन गर्नको लागि कानुनि सल्लाहाकारको प्रवन्ध मिलाइनेछ ।

१७ बालविबाह,घरेलु हिसा, छाउपडी प्रथा र अन्मेल विवाह लाई अन्त्य गर्ने अभियान को रुपमा कार्यन्वयनमा ल्याइनेछ ।

१८ केदारस्युँ गाउँपालिका भित्रका नेपाल सरकारको सुरक्षा निकायहरसग गाउँपालिकाको तर्फबाट समन्वयात्मक कार्य गरि गाउँ क्षेत्रको शान्ति सुव्यवस्थालाई प्रभावकारी बनाइने नीति लिइनेछ ।

१९ केदारस्युँ  गाउँपालिका क्षेत्र भित्र जयपृथ्वी राजमार्ग बर्षातको समयमा अवरुद्ध हुने भएकाले र गाउँपालिका भित्रका शाखा सडकहरु नियमित सञ्चालन गर्ने सडक सफाइ कार्यक्रम गर्नु पर्ने भएकाले मिलाइनेछ ।

अध्यक्ष महोदय

अन्य

वित्तिय व्यवस्थापन तगा श्रोत परिचालन सम्बन्धी नीति

१ वित्तिय व्यवस्थापन तगा श्रोत परिचालन गाउँ विकासको प्रमुख आधारलाई मूलमन्त्रको रुपमा लिई आन्तरिक श्रोत बृद्धी गर्ने तर्फ राजस्व असुलीका लागि गाउँपालिकाबाट टोली परिचालन गरिनेछ । साथै वित्तिय व्यवस्थापनको अनुगमन तथा सुपरिबेक्षण कार्यलाई एक कार्यदल बनाइ प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२ एकीकृत सम्पत्ति करलाई कार्यान्वयनमा ल्याउन अध्ययन कार्यदलबाट एक प्रतिबेदन लिइनेछ । एकीकृत सम्पत्ति कर कार्यान्वयनमा ल्याउनभन्दा अगाडी सभामा पेश भएको आर्थिक ऐन बमोजिम राजस्व संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

३ प्रचलित कानुन अनुसार निर्धारण भएको कर रकम असुलीलाई विशेष प्राथमिकतमा राखी कार्यान्वयनमा ल्याइनेछ । बक्यौता कर असुलिका लागि एक कार्यदल गठन गरिनेछ । बक्यौता कर असुली गर्न सुचना गर्दा गर्दै अटेर गरि थप बक्यौता करदाताको चल अचल सम्पत्ति रोक्का सम्म  राख्ने नीती लिइनेछ ।

४ उपभोक्ता समितिबाट कार्य गर्ने भनि गाउँपालिका समक्ष भएको सम्झौताको विपरित यस्तो  कार्य ठेकेदार वा तेश्रो पक्ष मार्फत गराएको भन्ने देखिएमा त्यस्ता उपभोक्ता समितिबाट भएको कार्यको भुक्तानी रोक्का राखि सम्झौता स्वतः रद्द हुनेछ । उपभोक्ता समितिको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विद्धमान कार्यविधिमा समसामयिक सुधार गरि गाउँ कार्यपालिकाबाट स्वीकृत गरि लागु गरिनेछ ।

५ स्थानिय उपभोक्ता समितिबाट लागत सहभागितामा गाउँ पूर्वाधार विकासको लागि अनुरोध भई आएमा सवै भन्दा बदी लागत सहभागिता गर्ने उपभोक्ता समितिको प्रस्तावलाई प्राथमिकतामा राखी कार्य गर्ने नीती लिइनेछ ।

आर्थिक अनुशासन मितव्ययिता तथा पारदर्शिता सम्बन्धी नीतिः

६ गाउँपालिकाबाट योजना सञ्चालन गर्दा सकेसम्म योजनामा पेश्की नदिइ रिनङ्ग विलको आधारमा कामको भुक्तानि दिने परिपाटीलाई निरन्तरता दिइनेछ । साथै पहिलेको पेश्की फछ्यौट गरि पुनः सोही पक्षलाई अर्को पेश्की नदिइने कार्यलाई निरन्तरता दिइनेछ ।

केदारस्युँ गाउँपालिका

७ गाउँपालिकाबाट सञ्चालित भौतिक पूर्वाधार विकास सम्बन्धी योजनाहरको कार्य सम्पन्न भए पश्चाप अन्तिम भुक्तानी दिनु अघि अनिवार्य रुपमा सार्वजनिक सुनुवाई , सार्वजनिक परिक्षण गर्न लगाई सो को प्रतिबेदन प्राप्त भएपछी मात्र अन्तिम भुक्तानी दिने तथा योजना जाँचपास फरक फरक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८ आर्थिक वर्षको अन्त्यमा आएर आयोजना स्वीकृत गरि कार्यान्वयन गर्ने प्रथाको अन्त्य गरिनेछ । आर्थिक बर्ष २०७७।०७८ मा बैशाख महिना देखि स्वीकृत आयोजना समेत कार्यान्वयन गर्ने गरि सम्झौता गरिने छैन ।

९ आर्थिक बर्ष २०७७।०७८ उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनामा उपभोक्ता समितिको गठन योजना सम्झौता गर्दा सम्बन्धीत वडाको सिफारिसमा र यस्ता योजनाको अन्तिम किस्ता भुक्तानी गर्दा सम्बन्धीत वडाको सिफारिस, योजना सम्पन्नको फोटो प्राविधिक मुल्याकन चाहिने व्यवस्थालाई कडाइका साथ पालना गर्ने नीति लिइनेछ ।

अन्त्यमा

"**सुखि गाउँवासी –समृद्ध गाउँपालिका** " को लक्ष्य निर्माणको महान अभियानमा योगदान पुर्याउनु हुने संघीय सरकारका माननीयज्यू, प्रदेश सभाका मन्त्रीज्यू तथा माननीय ज्यूहरु संविधान सभाका सदस्य तथा पूर्वमन्त्री एव माननीय ज्यूहरु सम्पुर्ण राजनितिक दलका नेता कार्यकर्ता निजि तथा सहरकी क्षेत्र लगाएत हरेक क्षेत्रबाट महत्वपुर्ण निर्वाह गर्नुहुने कर्मचारी शिक्षक, श्रमिकबर्ग , नागरिक समाज, सञ्चार जगत लगाएत समस्त गाउबासी आमाबुवा दाजुभाई तथा दिदिबहिनीहरुमा हार्दिक धन्यवाद तथा आभार ब्यक्त गर्न चाहान्छु ।

***"कोरोना बाट –आफु पनि बाचौः अरुलाई पनि बचाऔँ"***

***जय केदारस्युँ !!!!***

निशा धामी
गाउँपालिका उपाध्यक्ष
केदारस्युँ गाउँपालिका

केदारस्युँ गाउँपालिका